# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.......कर्मचारी प्रशासन.... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- २०८०/०८१

चलानी नं. :- ८५

मिति :-.२०८०/०४/१६..

विषयः जानकारी सम्बन्धमा।

सरकारी वकील सबै।

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालको च.नं. १०/०८०/८१ को पत्र मार्फत भारतको गुजरात गान्धिनगर स्थित National Forensic Science University मा September 11- 22, 2023 सम्म हुने The role of Forensic Science in Criminal Justice Delivery System for Nepal विषयक कार्यक्रममा ३ जना अधिकृत सहभागीताका लागि लेखि आएको पत्र यसैसाथ संलग्न छ। उक्त कार्यक्रममा सहभागी हुन ईच्छुक देहायको योग्यता पुगेका सरकारी वकीलले मिति २०८०/०४/१९ गतेसम्म यस कार्यालयको ईमेल ठेगाना prasasan@ag.gov.np मा आफ्नो विवरण पठाउनुहुन आदेशानुसार अनुरोध गरिन्छ।

देहायः

- सेवा अवधि कम्तिमा ५ वर्ष पुगको,
- उमेर २५ देखि ४५ वर्षसम्म,
- अंग्रेजी भाषामा बोल्न र लेख्न सक्ने,
- उल्लेखित विषयमा रुची भएको,
- उक्त विषयसँग सम्बन्धित कुनै तालिम वा शैक्षिक योग्यता भए सो समेत संलग्न गर्नुहुन।

(वाबुराम भट्टराई)

सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

CamScanner

# राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

## National Judicial Academy, Nepal

(Estd. under the National Judicial Academy Act, 2006)

"... Center of Excellence for Judicial Education."

च.नं. १०।७८०।८१

मिति: २०८०।०४।१०

६९६
४।१०

श्री महान्यायाधिवक्ताको कार्यालय
रामशाहपथ, काठमाडौं।

विषय: मनोनयन सम्बन्धमा

प्रतिष्ठानले आफ्नो उद्देश्य बमोजिम न्यायाधीश लगायत कानून तथा न्याय क्षेत्रमा जनशक्तिको कार्य क्षमता तथा दक्षता अभिवृद्धिका लागि प्रशिक्षण, अध्ययन, अनुसन्धान, प्रकाशन लगायतका कार्यहरु गर्दै आइरहेको छ। त्यसका लागि प्रतिष्ठानले देशभित्र तथा अन्य मुलुकका संस्थाहरुसँग सम्पर्क तथा सहकार्य गरी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आई रहेको छ। यसै क्रममा प्रतिष्ठानको अनुरोध तथा अग्रसरतामा काठमाडौं स्थित Embassy of India मार्फत भारतको Ministry of External Affairs अन्तर्गत आगामी Sept. 11, 2023 देखि Sept.22, 2023 सम्म हुने गरी Training Programmee in the Role of Forensic Science in Criminal Justice Delivery System for Nepal विषयक ITEC Course तयार गरी उक्त मन्त्रालयको Website मा प्रकाशन समेत भई सकेको छ। उक्त कार्यक्रम भारतको गुजरात गान्धिनगर स्थित National Forensic Science University मा हुने व्यहोरा समेत अनुरोध छ।

अतः उक्त ITEC Course मा सहभागी हुनका लागि तहाँ महान्यायाधिवक्ताको कार्यालयबाट देहायमा उल्लेखित शर्त बमोजिमको अनुभव तथा उमेरभित्र पर्ने गरी लैंगिक समावेशीकरण समेतलाई मध्यनजर गरी तीन (३) जना अधिकृत मनोनयन गरी वहाँहरुको पूरा नाम, इमेल तथा मोवाइल नम्वर सहित यस प्रतिष्ठानमा पठाई दिनु हुन सादर अनुरोध गर्दछु।

देहाय:

१) सहभागीका लागि मनोनयन हुने व्यक्तिको उमेर २५ देखि ४५ वर्ष बीचको हुनुपर्नेछ।
२) मनोनयन हुने सहभागी कम्तिमा ५ वर्ष काम गरेको अनुभव भएको हुनुपर्नेछ।

श्रीकृष्ण मुल्मी
निर्देशक
अनुसन्धान तथा विकास महाशाखा

पुनश्च: त्यस कार्यालयबाट मनोनयन हुनुभएका सहभागीले भारतको Ministry of External Affairs बाट प्रकाशित भएको उल्लेखित कोर्षका लागि आवेदन गरी तोकिएको मितिमा काठमाडौ स्थित भारतीय दूतावासमा आवश्यक सक्कल कागजात साथमा लिई Verification तथा Interview मा उपस्थित हुनुपर्ने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।



CamScanner